# १३ ताकि हामी नबिसौँ ! मलाकी

*यस अध्यायको निम्ति पढ्नुहोस्:* मलाकी १, लैव्य १:१-३, मलाकी २, एफिसी ५:२१-३३, मलाकी ३, प्रस्थान ३२:३२, मलाकी ४।

**_कण्ठ गर्नुपर्ने पद:_ "'सारा राष्ट्रहरूमा मेरो नाउँ महान् हुनेछ। पूर्वमा घाम उदाउने देशदेखि पश्चिममा घाम अस्ताउने देशका मानिसहरूले मेरो उपासना गर्नेछन्। धूप र शुद्ध भेटीहरू मेरोलागि प्रत्येक ठाउँमा ल्याउनेछन्। सारा राष्ट्रहरूमा मेरो नाउँ महान् हुनेभएकोले नै त्यसो हुनेछ।' परमप्रभु भन्नुहुन्छ (मलाकी १:११ न्यु इन्टरनेशनल रिभाइज्ड भर्जन बाइबल)।**

**_मूल सोच:_ मानिसहरूप्रति परमेश्वरको उत्तरदायित्व के हो सो मलाकीले हामीलाई सिकाउँदछ। तर परमेश्वरप्रति मानिसहरूको पवित्र उत्तरदायित्व के हो त भनेर पनि मलाकीले औँल्याउँछन्।**

**मलाकीको नाउँको अर्थ हो "मेरो सन्देशवाहक"।** उनको छोटो किताबमा उनको बारेमा जे लेखिएको छ त्यो बाहेक उनको पृष्ठभूमी हामीलाई थाहा छैन। पुरानो करारका कम नाउँ चलेका अगमवक्ताहरूमा मलाकी पनि एक हुन। अन्तिम पुस्तक लेखेर पुरानो करारका पुस्तकहरूलाई उनले अन्त्य गरेकाछन्। (अल्प नाउँ चलेका अगमवक्ताहरूका पुस्तकलाई बुक अभ ट्वेल्भ अर्थात् बाऱ्हका पुस्तक पनि भनिन्छ)।

मलाकीको सन्देश उल्लेखनीय छ। परमेश्वरले उहाँका जनहरूलाई आफ्नो प्रेम दर्शाउनुभएको छ भनेर सारा इतिहासको सेरोफेरोले देखाउँछ भन्ने सन्देश मलाकीले दिँदछन्। तर परमेश्वरको प्रेम लिने मात्र होइन, त्यो प्रेममा सहभागी हुने उहाँका जनहरूले उहाँप्रति जवाफदेहिता पनि देखाउनुपर्दछ। उहाँले चुन्नुभएको राष्ट्र इस्राएलका देशवासी र त्यसका अगुवाहरूले उहाँका निर्देशन तथा आज्ञाहरू पालन गरोस भन्ने परमेश्वर अपेक्षा गर्नुहुन्छ। आम रूपमा मूर्तिपूजा गर्ने संस्कार हराएको थियो। (बेबिलोनको दासत्व जीवन बिताएर इस्राएलमा यहूदीहरू फर्केको समयमा मलाकीको पुस्तक लेखिएको देखिन्छ)। आफ्नै हातले मूर्ति बनाएर देवता भनेर गर्ने

मूर्तिपूजाको संस्कार त हट्यो, तर यहूदी राष्ट्र इस्राएल र परमेश्वरको बीचमा भएको करारचाहिँ मानिसहरूले मानिरहेकाथिएनन्। धार्मिक संस्कारहरू नियमित रूपमा मानिसहरूले पालन गरिरहेका थिए। तर त्यो केवल परम्पराको नाउँमा मात्र तिनीहरूले धर्मकर्म गरिरहेकाथिए। परमेश्वरप्रति हृदयदेखि नै माया जगाएर मानिसहरूले उहाँको उपासना गरेका थिएनन्। तिनीहरूको उपसाना निरर्थक र चिसो थियो।

सेभेन्थ-डे एडभेन्टिस्ट चर्चका विश्वासी र पदाधिकारीहरूले मलाकीको सन्देशलाई सतर्कतासाथ आत्मसात् गरून भन्ने यस लेखकको कामना छ।

## १. परमेश्वर अति महान् हुनुहुन्छ (मलाकी १)

**अगमवक्ता मलाकीले एउटा गम्भिर समस्याको बारेमा हामीलाई सूचित गराएका छन्। त्यो समस्या केवल उनको पालाका यहूदीहरूलाई मात्र नभएर हामीलाई पनि समसामयीक रूपमा झेलिरहेकाछौं। उनको चेतावनीलाई वेवास्ता गर्दा हामी पनि त्यसको दोषमा सहभागी हुनसक्छौं भनेर कसरी बुझ्ने? हेरौं मलाकीको सन्देश प्रथम् अध्यायमाः "१ एउटा ईश्वरवाणी मलाकीद्वारा इस्राएललाई परमप्रभुको वचनः २ "मैले तिमीहरूलाई प्रेम गरें," परमप्रभु भन्नुहुन्छ। "तर तिमीहरू भन्छौ, 'कसरी तपाईंले हामीलाई प्रेम गर्नुभयो र? "के एसाव याकूबको दाजु थिएन र?" परमप्रभु भन्नुहुन्छ। "तापनि मैले याकूबलाई प्रेम गरें, ३ तर एसावलाई मैले हेला गरें, र मैले त्यसको पहाड़हरूलाई रूखा पारिदिएँ, र त्यसको उत्तराधिकार मरुभूमिका स्यालहरूका निम्ति छोड़िदिएँ।" ४ "हामीहरू धूलोपीठो पारिएका छौं, तापनि हाम्रा भग्नावशेष हामी फेरि निर्माण गर्नेछौं" भनी एदोमीहरूले भन्लान्। तर सर्वशक्तिमान् परमप्रभु यो भन्नुहुन्छ, "उनीहरूले निर्माण गरून्, तर म भत्काइदिनेछु। उनीहरू दुष्ट देश कहलाइनेछन्, जसका मानिसहरूसित परमप्रभु सधैं क्रोधित हुनुहुन्छ। ५ यो तिमीहरू आफ्नै आँखाले देख्नेछौ, र भन्नेछौ, 'इस्राएलको सिमाना बाहिर पनि परमप्रभु महान् हुनुहुन्छ। ६ "छोराले बाबुको, र नोकरले मालिकको मान गर्दछ। यदि म बाबु हो भने मलाई दिनुपर्ने मान खोइ त? यदि म मालिक हो भने मेरो आदर खोइ त?" सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। "ए पूजाहारीहरू हो, तिमीहरू नै मेरो नाउँको अवहेलना गर्दछौ।**

“तर तिमीहरू सोध्छौ, 'हामीले कसरी तपाईंका नाउँको अवहेलना गऱ्यौं? ७ “तिमीहरू मेरो वेदीमा बिटुलो खानेकुरा चढ़ाउँदछौ। “तर तिमीहरू सोध्छौ, 'हामीले तपाईंलाई कसरी बिटुलो पाऱ्यौं र? “'परमप्रभुको टेबिल घिनलाग्दो छ भनेर। ८ जब तिमीहरूले अन्धा पशुहरू बलिदान चढ़ाउन ल्याउँछौ, तब के त्यो भूल कुरो होइन र? जब तिमीहरूले लङ्गड़ा र बेथा लागेका पशुहरू बलिदान चढ़ाउँदछौ, तब के त्यो भूल कुरो होइन र? ती तिमीहरूका राज्यपाललाई चढ़ाउन कोशिश गर। के तिनी तिमीहरूदेखि खुशी हुनेछन्? के तिनले त्यो ग्रहण गर्नेछन्?” सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। ९ “ 'हामीमाथि कृपालु हुनुहोस् भनी आग्रहसाथ परमेश्वरलाई बिन्ती चढ़ाओ। तिमीहरूका हातले यस्तै भेटी चढ़ाएर के उहाँले तिमीहरूलाई ग्रहण गर्नुहुनेछ र?” सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। १० “तिमीहरूले व्यर्थमा मेरो वेदीमा आगोहरू नबाल्नलाई तिमीहरूमध्ये कसैले मन्दिरका ढोकाहरू थुनिदिए त हुनेथियो। म तिमीहरूसँग खुशी छैनँ, तिमीहरूका हातले चढ़ाएको भेटी म ग्रहण गर्नेछैनँ,” सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। ११ “सूर्योदयदेखि सूर्यास्तसम्म जाति-जातिहरूका बीचमा मेरो नाउँ महान् हुनेछ। हरेक ठाउँमा मेरै नाउँमा धूप र शुद्ध भेटी ल्याइनेछन्, किनकि जाति-जातिहरूका बीचमा मेरो नाउँ महान् हुनेछ,” सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। १२ “तर तिमीहरू त 'परमप्रभुको टेबिल अशुद्ध छ, र त्यसमा भएको त्यो भोजन बिटुलो छ, यो घृणास्पद छ भनेर मेरो नाउँ अपवित्र गर्दछौ। १३ अनि तिमीहरू यसो भन्दछौ, 'यो त कस्तो दिक्क लाग्ने काम हो, अनि त्यसप्रति हेलासाथ नाक चेप्प्याउँछौ,” सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। “जब तिमीहरूले चोट लागेका, खोरन्डा र बेथा लागेका पशुहरूलाई बलिको रूपमा चढ़ाउँछौ त, के तिमीहरूका हातबाट यस्ता भेटीहरू मैले ग्रहण गर्ने?” परमप्रभु भन्नुहुन्छ। १४ “तर यस्तो छल गर्ने श्रापित होस्, जसले आफ्नो बगालको ग्रहणयोग्य नर-पशु अर्पण गर्नलाई भाकल त गर्छ, तर खोट लागेको पशु परमप्रभुलाई चढ़ाउँदछ। किनभने म महाराजा हुँ, र मेरो नाउँ जाति-जातिहरूका बीचमा भययोग्य हुनेछ,” सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ।" (मलाकी १)।

आफ्ना जनहरूप्रति परमेश्वरको प्रेम र पूजारीहरूको उत्साहरहित तथा उदासिन मनस्थितिको बीचमा कस्तो ठूलो भिन्नता थियो भनेर मलाकीले खुलासा गर्दछन्। परमेश्वरकै उपासना गरिरहेतापनि

परमेश्वरको पवित्र नाउँको अपमान गरेर पाप गरिरहेका छन् भनेर मलाकीले ती पूजारीहरूको निन्दा गर्दछन्। मन्दिरमा धार्मिक कार्यको विधि अपनाउने क्रममा हारुनको वंशबाट आएका ती पूजारीहरूले लङ्गडो, खोटो भएको, अन्धा र बिरामी पशूहरूलाई परमेश्वरको नाउँमा ग्रहण गर्दथे। परमेश्वरको निम्ति ल्याएका पशुबलीलाई तिनीहरूको त्यस्तो वेवास्ता तरिकाले ग्रहण गर्दा परमेश्वरको नाउँमा पूजा आजा गर्ने वा पशुबलि दिने जरुरत छैन भन्ने मनस्थिति मानिसहरूमा परेको थियो। (त्यस्तो चर्तकलाले परमेश्वरप्रतिको आस्था मानिसमा घटेको थियो)। जब इजिप्टबाट मरूभुमीमा इस्राएलीहरू आएर बसेका थिए, त्यसबेला परमेश्वरले हारुन र उनका छोराहरूलाई कस्तो खालको पशुलाई बलि दिन ग्रहण गर्नुपर्छ भनेर उहाँले निर्देशन दिनुभएको थियो। मन्दिरमा ल्याउने बलि शिद्ध र कुनै खोट वा दाग नभएको हुनुपर्छ भनेर परमेश्वरले स्पष्ट निर्देशन दिनुभएको थियो (लेवी १:१-३, लैब्य २२:१९)।

इस्राएलका जनताहरूले परमेश्वरलाई किन आदर र सम्मान गर्नुपर्छ भनेर मलाकीले तिनवटा कारणहरू दिन्छन्। प्रथमतः परमेश्वर तिनीहरूको परमप्रभु पिता हुनुहुन्छ। छोराछोरीहरूले तिनीहरूको आमाबाबुको आदर र सम्मान गर्नुपर्दछ। त्यसै गरेर मानिसहरूले पनि स्वर्गमा बस्नुहुने सनातनका परमेश्वर पितालाई पनि आदर र सम्मान गर्नुपर्दछ। दोस्रोमा, परमेश्वर तिनीहरूका स्वामी र प्रभु हुनुहुन्छ। सेवकहरूले तिनीहरूको मालिकलाई मान्नुपर्दछ। त्यसकारण परमेश्वरका जनहरूले पनि उहाँलाई त्यसै गरेर मान्नुपर्दछ। तेस्रोमा, परमेश्वर सारा जगतका महान् राजा हुनुहुन्छ। कुनै पनि सांसारिक राजाले उसका जनताहरूबाट दिएको खोट भएको वा विरामी पशुलाई ग्रहण गर्दैन। त्यसकारण सारा जगतका शासक र राजाहरूका राजालाई मानिसहरूले किन अशिद्ध वा खोट भएको पशुलाई अर्पण गरिरहेकाछन् भनेर मलाकीले पुच्छन्।

मानिसका कामहरू परमेश्वरको सामु अझ अत्यन्त पापी किन हुन्छ त? तिनीहरूले बलिका निम्ति ल्याएका पशुहरूले येशूलाई औंल्याउँदैनथे। उहाँ निष्खोट र निष्कलङ्क परमेश्वरको पुत्र हुनुहुन्छ (यूहन्ना १:२९, १ पत्रुस १:१८,१९)। यदि तिनीहरूले ल्याएका

पशुहरू येशूलाई औँल्याउँछन् भने ती पशुहरू निष्खोट र शिद्ध हुनुपर्दछ किनभने हाम्रो सिद्ध बलि हुन येशू पाप र खोटरहित हुनुपर्दथ्यो।

"परमेश्वरको महिमा र सम्मान गर्न उहाँको प्रीयपुत्र पापको जमानी तिर्नुभएको थियो। हाम्रो सट्टामा क्रुसमा मर्नुभएको थियो। अनि उहाँलाई चिहानमा राखिएको थियो। त्यो चिहान मानौं कैदखाना जस्तै थियो। पत्थरको गुफाको नयाँ चिहानमा येशूलाई राखिएको थियो। यदि येशूको चरित्रमा एउटामात्र खोट वा पाप भएको भए उहाँ राखिएको चिहानको ढोका कहिलै खुल्ने थिएन। अनि सारा संसार पापसँगै मृत्युको पासोमा त्यसैबेला पर्नेथियो।"-एलेन जी ह्वाइट, मानुस्क्रिप्ट रिलिज, ठेली १०, पृ. ३८५बाट रूपान्तरित। त्यसैकारण मानिसहरूले बलिको निम्ति ल्याउने कुनै पनि पशु निष्खोट र शिद्ध हुनुपर्दथ्यो।

## २. अरूलाई माया र सम्मान गर्नु (मलाकी २:१३-१६)

जुन उचित छ त्यही काम गर भनेर आफ्ना छोराछोरीहरूलाई आह्वान गरिरहने प्रीय बुबा जस्तो परमेश्वर हुनुहुन्छ भन्ने आवाजले मलाकीको पुस्तक भरिएको छ। जब मानिसहरूले प्रश्न उठाउँछन् र गुनासो गर्दछन् त्यसको जवाफ दिन परमेश्वर तयार हुनुभएको पाइन्छ। परमेश्वर र उहाँका जनहरूले छलफल गरेका प्रायजसो विषयवस्तु वा समस्याहरूचाहिँ केही आधारभूत मनस्थिति वा मानविय भावनासँग गाँसिएको देखिन्छ।

**मलाकी २ अध्याय धेरै विषयवस्तुहरूको बारेमा छलफल गरिएको छ। तर विषेश गरेर १३देखि १६सम्मको पदहरूमा परमेश्वरका जनहरूसँग उहाँले गहिरो गुनासो व्यक्त गर्नुभएको हामी पाउँछौं। हेरौं: १ "अब हे पूजाहारी हो, यो चेताउनी तिमीहरूका निम्ति हो।" २ सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ, "मेरो नाउँलाई सम्मान दिन यदि तिमीहरू सुन्दैनौ र यो तिमीहरूका हृदयमा राखेनौ भने, म तिमीहरूलाई सराप पठाउनेछु, र तिमीहरूका आशिष्हरूलाई सराप दिनेछु। मैले अघि नै ती सरापेको छु, किनकि तिमीहरूले मलाई इज्जत दिन आफ्ना हृदयलाई ठीक पारेका छैनौ। ३ "तिमीहरूको कारण म तिमीहरूका सन्ततिलाई हप्काउनेछु। म तिमीहरूका मुखमा तिमीहरूका चाड़हरूमा बलि चढ़ाइएका पशुहरूको मैला फिँजाइदिनेछु, र तिमीहरू पनि त्यसैसित लगिनेछौ। ४ लेवीसित बाँधेको मेरो करार रहिरहोस् भनी**

मैले यो चेताउनी तिमीहरूलाई दिएको हुँ भनी तिमीहरूले थाहा
पाउनेछौ," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। ५ "मेरो करार त्यससँग
थियो, जीवन र शान्तिको करार, र मेरो सम्मान गरोस् भनेर मैले ती
त्यसलाई दिएँ, र त्यसले सम्मान गर्‍यो र मेरो नाउँको श्रद्धापूर्वक भय
मान्यो। ६ सत्यको शिक्षा त्यसको मुखमा नै थियो, र त्यसका ओठमा
कुनै झूटो कुरा पाइएन। शान्ति र सोझोपनमा त्यो मसँगै हिँड्यो, र
धेरैलाई त्यसले पापबाट फर्कायो। ७ "किनकि पूजाहारीका ओठले
ज्ञानको रक्षा गर्नुपर्दछ, र मानिसहरूले त्यसको मुखबाट शिक्षा
खोज्नुपर्दछ, किनभने त्यो सर्वशक्तिमान् परमप्रभुको समाचारवाहक हो।
८ तर तिमीहरू त बाटोदेखि एकातिर लागेका छौ, र तिमीहरूको शिक्षा
धेरैलाई ठोकरको कारण भएको छ। लेवीसँग बाँधिएको करार
तिमीहरूले भङ्ग गरेका छौ," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। ९ "यसैले
मैले तिमीहरूलाई सबै मानिसहरूका सामुन्ने तुच्छ र विनम्र तुल्याएको
छु, किनभने तिमीहरू मेरो बाटोमा हिँड़का छैनौ, तर व्यवस्थाका कुरामा
तिमीहरूले पक्षपात गरेका छौ।" १० "हामी सबैका एउटै पिता हुनुहुन्न
र? के एउटै परमेश्वरले हामीलाई सृष्टि गर्नुभएको होइन र? त किन
हामी एउटाले अर्काको विश्वास भङ्ग गरेर हाम्रा पिता-पुर्खाको करारलाई
बिटुलो पार्छौं? ११ यहूदाले विश्वास भङ्ग गरेको छ। इस्राएल र
यरूशलेममा घिनलाग्दो काम गरिएको छ। यहूदाले पराई देवताकी
छोरीलाई विवाह गरेर परमप्रभुलाई मन पर्ने पवित्रस्थानलाई बिटुलो
पारेको छ। १२ यसो गर्ने जोसुकै मानिस भए तापनि, त्यसले
सर्वशक्तिमान् परमप्रभुमा भेटी ल्याए तापनि परमप्रभुले त्यसलाई याकूबका
पालहरूबाट बहिष्कृत गरिदिऊन्। १३ फेरि तिमीहरू अर्को कुरा गर्दछौः
तिमीहरू परमप्रभुको वेदीलाई आँसुले भिजाउँदछौ। तिमीहरू रुँदछौ र
विलाप गर्दछौ, किनभने उहाँले तिमीहरूका हातको भेटीलाई कहिल्यै
ध्यान दिनुहुन्न, न त त्यो उहाँलाई ग्रहणयोग्य हुन्छ। १४ तिमीहरू
सोध्छौ, "किन?" किनभने परमप्रभु तिमीहरू र तिमीहरूको जवानीपनकी
पत्नीको बीचमा साक्षीको काम गर्दैहुनुहुन्छ, किनकि तिमीहरूले
त्यससँगको विश्वास भङ्ग गर्‍यौ, यद्यपि तिनी तिम्री जीवन-साथी र
वैवाहिक करारमा बाँधिएकी पत्नी हो। १५ के परमप्रभुले तिनीहरूलाई
एउटै बनाउनुभएको होइन र? शरीर र आत्मामा तिनीहरू उहाँकै हुन्।
अनि तिनीहरू किन एउटै हुन्? किनभने उहाँले ईश्वरीय सन्तान

खोज्दैहुनुहुन्थ्यो। यसैले तिमीहरू आफ्नो आत्माको रक्षा गर, र आफ्नो जवानीपनकी पत्नीसँगको विश्वास भङ्ग नगर। *१६ "सम्बन्धविच्छेदको कुरालाई म घृणा गर्दछु," परमप्रभु इस्राएलका परमेश्वर भन्नुहुन्छ। "मानिस आफैलाई आफ्नो वस्त्रलेझैं अत्याचारले ढाक्ने कामलाई पनि म घृणा गर्दछु," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। यसैले आफूलाई आत्मामा स्वयम् रक्षा गर, र विश्वास भङ्ग नगर। १७ तिमीहरूले आफ्नो कुराले परमप्रभुलाई थकित तुल्याएका छौ। तिमीहरू सोध्छौ, "हामीले उहाँलाई कसरी थकित तुल्यायौं?" यसो भनेर, "दुष्ट काम गर्ने सबै परमप्रभुको दृष्टिमा असलै छन्, र उहाँ उनीहरूदेखि खुशी नै हुनुहुन्छ," अथवा "न्याय गर्ने परमेश्वर कहाँ हुनुहुन्छ?"*

जब सारा यहूदीहरूले परमेश्वरको पूजाआजा गर्दथे, उहाँ तिनीहरूका पिता र सृष्टिकर्ता हुनुहुन्छ भनेर स्वीकार्दथे। तर तिनीहरूको मुखले मात्र स्तुति गर्ने बानीले तिनीहरूको जीवनको स्वामी परमेश्वर नै हुनुहुन्छ भनेर प्रायजसो तिनीहरूले देखाइरहेका थिएनन्। परमेश्वरसँग हामीहरूको सम्बन्ध वैवाहिक जीवन जस्तो हो भनेर मलाकीले बताउँदछन्। वैवाहिक जीवनमा श्रीमान र श्रीमतीको बीचमा अत्यन्त गाढा प्रेम सम्बन्ध हुनुपर्दछ। यदि त्यहाँ पारस्परिक प्रेम भएन भने त्यहाँ अविश्वासको वातावरण खडा हुन्छ। वैवाहिक जीवन परमेश्वरले स्थापना गर्नुभएको पवित्र गठबन्धन हो भनेर बाइबलले सिकाउँदछ। आफ्ना आस्था भन्दा बाहिरका मानिसहरूसँग विवाहबारी नगर्नु भनेर इस्राएलका जनहरूलाई चेतावनी दिएका थिए। किनभने यदि परमेश्वरप्रभु परमेश्वरको आस्था भन्दा बाहिरका मानिसहरूसँग विवाहबारी चलायो भने तिनीहरू उहाँको भक्त हुनबाट बँचित हुने सम्भावना धेरै थियो र परमेश्वरको दश आज्ञामा कोरिएको मूर्ती पूजा नगर्नु भन्ने आज्ञालाई सरासर उलङ्घन गर्दै तिनीहरूको आस्था मूर्ती पूजामा ढल्कन्थे (यहोशू २३:१२,१३)।

दाम्पत्य जीवन क्षणिक वा अस्थाई नभएर जीवन भरको निम्ति हुनुपर्छ भन्ने परमेश्वरको योजना थियो। तर मलाकीको समयमा धेरै लोग्ने मानिससहरूले विवाहमा गरेका वाचाहरू भङ्ग गरिरहेका थिए। जवानीमा विवाह गरेका पत्नीहरूसँग तिनीहरू वाक्क भएका थिए। आफ्ना श्रीमतीहरू बुढी भएपछि श्रीमानहरूले तिनीहरूलाई पारपाचुके गरेर छोड्दथे। अनि तिनीहरू आफू भन्दा जवान र सुन्दरी स्त्रीहरूको

मोहमा परि तिनीहरूलाई विवाह गर्दथे। त्यही कारणले परमेश्वरले कडा शब्दमा भन्नुभयो, “पारपाचुके वा विवाह गरेको पत्नीलाई त्याग्ने संस्कारलाई म घृणा गर्दछु।" (मलाकी २:१६)। परमेश्वरको यो कडा वचनले परमेश्वरको नजरमा वैवाहिक जीवन कत्तिको गम्भिर रहेछ भनेर देखाउँछ। तर अभाग्यवस कतिपय मानिसहरूले दाम्पत्य जीवनलाई त्यत्तिको गम्भिर रूपमा लिएको पाइन्दैन। विवाहलाई खेंलाचीको रूपमा कतिपयले त्यस ताका लिएका थिए भने अहिले पनि त्यस मनस्थितिलाई कतिपयले निरन्तरता दिएको पाइन्छ। पारपाचुकेको सम्बन्धमा बाइबलमा दिएको कडा नितिहरूले विवाह कत्तिको पवित्र रहेछ भनेर स्पष्ट पार्दछ।

इस्राएलमा पारपाचुकेले वैध अर्थात् मान्यता पाएको थियो (व्यवस्था २४:१-४)। त्यसैकारण मानिसहरूले विवाहमा खाएका शपथलाई भङ्ग गर्नु अलिकति पनि हिचकिचाउँदैनथे। पुरानो करारको अन्त्यतिर सम्बन्ध विच्छेद अत्यन्त साधारण भइसकेको थियो। आज पनि कतिपय संस्कार, समाज तथा देशहरूमा यो सम्बन्ध विच्छेदको चलन कायमै भएको पाइन्छ। तर विवाह भनेको परमेश्वरको अगाडि गरिने पवित्र गठबन्धन वा करार हो भनेर बाइबलले स्पष्ट पारेको छ (उत्पत्ती २:२४, एफिसी ५:२१-२३)।

**मलाकी २:१७लाई पुन पढ्नुहोस्। यस अंशमा चिन्तन गरेको अनुसार मानिसहरूले सोचेका कुराहरूप्रति परमेश्वर कत्तिको गम्भिर हुनुहुन्छ भन्ने चेतावनीलाई हामीले कसरी लिने? हामीले नसोचेको जस्तै गरेतापनि त्यहाँ व्यक्त गरेका मानिसहरूको मनोवृत्ति हामीमा पनि हुनु हाम्रो निम्ति कतिको खतरापूर्ण हुनसक्छ?**

## ३. परमेश्वरको भन्डारमा दशांस (मलाकी ३:१-१०)

**परमेश्वरलाईचाहिँ विश्वास गर्छु वा उहाँको भक्त हुँ भनेर दावी गर्ने तर तिनीहरू एक विशेष कुरामा चुकिरहेका छन् भनेर मलाकी ३:१-११मा परमेश्वरले गहिरो गुनासो गरेकोलाई हामीले के भन्ने? ती पदहरूमा धेरै उल्लेखनीय कुराहरू छन् र तिनीहरू एक आपसमा गाँसिएका छन्।** हेर्नुहोस् तिनीहरू कसरी एक आपसमा गाँसिएका रहेछन् त? “१ “हेर, म आफ्ना समाचारवाहकलाई पठाउनेछु, र तिनले मेरो अगिअगि बाटो तयार गर्नेछन्। तब एक्कासि ती प्रभु, जसलाई तिमीहरू

खोज्दछौ, आफ्नो मन्दिरमा आउनेछन्, अर्थात् करारका ती समाचारवाहक आउनेछन्, जसलाई तिमीहरू औधी चाह गर्दछौ," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। २ तर उहाँको आउने दिनमा को उभिन सक्छ र? उहाँ देखा पर्नुहुँदा को खड़ा हुन सक्छ? किनकि उहाँ सुनारको आगो र धोबीको साबूनजस्तै हुनुहुनेछ। ३ उहाँ चाँदी खार्ने र सफा गर्नेजस्तो गरी बस्नुहुनेछ। उहाँले लेवीहरूलाई शुद्ध पार्नुहुनेछ, र सुन र चाँदीझैं शुद्ध पार्नुहुनेछ। तब परमप्रभुका मानिसहरू हुनेछन्, जसले धार्मिकतामा भेटी ल्याउनेछन्। ४ तब यहूदा र यरूशलेमका भेटीहरू परमप्रभुलाई उहिलेझैं ग्रहणयोग्य हुनेछन्। ५ "यसैले म न्याय गर्नलाई तिमीहरूको नजिक आउनेछु। टुनामुना गर्नेहरू, व्यभिचारीहरू र झूटो गवाही बक्नेहरूका विरुद्धमा, मजदूरहरूलाई ज्यालामा ठग्नेहरू, विधवा र टुहुरा-टुहुरीमाथि अत्याचार गर्नेहरू, विदेशीलाई न्याय नगरिदिनेहरू, र मेरो डर नमान्नेहरू, यी सबैका विरुद्धमा म झट्टै गवाही दिनेछु," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। ६ "म परमप्रभु कहिल्यै परिवर्तित हुँदिनँ। यसैले हे याकूबका सन्तान हो, तिमीहरू नष्ट भएका छैनौ। ७ तिमीहरूका पिता-पुर्खाको समयदेखि नै तिमीहरू मेरा उर्दीहरूदेखि तर्केर गएका छौ, र ती तिमीहरूले पालन गरेका छैनौ। मतिर फर्क, र म तिमीहरूतिर फर्कनेछु," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। "तर तिमीहरू त सोध्छौ, 'हामी कसरी फर्कौं? ८ "के कुनै मानिसले परमेश्वरलाई लुट्छ र? तापनि तिमीहरू मलाई लुट्दछौ। "तर तिमीहरू सोध्छौ, 'कसरी हामीले तपाईंलाई लुट्यौं र? "दशांशको भेटीमा। ९ सराप परेर तिमीहरू श्रापित भयौ, किनकि तिमीहरूले मलाई लुटिरहेछौ— तिमीहरू सम्पूर्ण जातिले। १० सम्पूर्ण दशांश ढुकुटीमा ल्याओ, ताकि मेरो घरमा भोजन रहोस्। यसमा मलाई जाँचेर हेर," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ, "म स्वर्गका ढोकाहरू उघारेर पर्याप्त ठाउँ पनि नहुनेसम्मका आशिष् तिमीहरूमाथि बर्साउँछु वा बर्साउँदिनँ," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। ११ "म तिमीहरूका अन्नबाली स्वाहा पार्ने रोग निको पारिदिनेछु, र तिमीहरूका बारीमा भएका दाखका बोटका फलहरू झर्नेछैनन्," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ।"

कम नाउँ चलेका अगमवक्ताहरूले दिएका मौलिक सन्देश उपरोक्त पदहरूले फेरि दोऱ्याउँछन्ः परमेश्वरको प्रेम हामीमाथि सधैं अटल छ। परमेश्वरले एक पटक फेरि आह्वान गर्नुभएको पद ७मा

यसरी पढ्छौं, "'मतिर फर्क, म पनि तिमीतिर फर्कनेछु।'" "हामी तपाईंतिर कसरी फर्कने त?" भनेर मानिसहरूले सोध्छन्। त्यो प्रश्न मीका ६:६मा गरेको जस्तै हो जहाँ परमेश्वरलाई बलिका भेटीहरू ल्याउन आह्वान गरिएको थियो। तर मलाकीमा उपरोक्त प्रश्नको निम्ति एक निश्चित जवाफ दिइको पाउँछौं। अचम्मको कुरो त यो छ, त्यो प्रश्नलाई दशांससँग गाँसिएर जवाफ दिएको छ। परमेश्वरमा फर्किने र नफर्किने मनस्थितिलाई दशांस दिने र नदिनेमा भरपर्छ रे! परमेश्वरको जे छ त्यसलाई मानिसहरूले चोरिरहेकाछन् भनेर उहाँले तिनीहरूलाई हप्काउनुहुन्छ। जब मानिसहरूले परमेश्वरलाई नै मध्य नजर राखेर विश्वाससाथ दशांस र भेटी ल्याउँदैन तब तिनीहरूले परमेश्वरमा मुखलेमात्र फर्केको तर हृदयबाटचाहिँ टाढा भएको प्रमाणित गर्दछ।

दशांश भनेको आफूले आर्जन गरेको भागबाट दश प्रतिशत परमेश्वरको नाउँमा छुट्याएर दिनु हो। बाइबलमा सिकाइएको यो विशेष चलनले सारा थोक र हामी सबै जना उहाँको अधिनमा छौं भनेर सम्झना गराउँछ। सारा भौतिक उब्जनहरू उहाँबाट नै आउँदछन्। इस्राएलमा लेवी पुजारीहरूको निम्ति त्यस दशांस प्रयोग गर्दथे। तिनीहरू मन्दिरमा रहेर परमेश्वरको र मानिसहरूको सेवा गर्दथे। तिनीहरूलाई सुम्पेको अभिभारालाई सुचारुरूपमा चलाई राख्न दशांसको आवश्यकता भएको हुनाले मानिसहरूले त्यो नफर्काउँदा परमेश्वरलाई लुटिरहेका छन् भनेर मलाकीले स्पष्ट पार्दछन।

परमेश्वरलाई जाँचे र हेर भन्दै मानिसहरूलाई चुनौती दिने मलाकी ३:१० जस्तो पद बाइबलमा दुर्लभै छ। इस्राएलीहरू मरुभूमीमा हुँदा मीरबाहको पोखरीनिर तिनीहरूले परमेश्वरको धिरजलाई बराबर परिक्षा गरेका थिए। कतिपटक त यस कुरालाई लिएर उहाँ रिसाउनु पनि भएको थियो (भजन ९५:८-११)। तर यस पटक परमेश्वरले इस्राएलीहरूलाई उहाँलाई जाँचेर हेर भनेर खुलायाम चुनौती दिएर आमन्त्रण गर्नुहुन्छ। त्यस मामिलामा परमेश्वरमाथि भर पर्नसकिन्छ भनेर देखोस भनेर उहाँ चाहनुहुन्छ। मानिसहरूको निम्ति विशेष आत्मिक अर्थ छ भनेर ती पदहरूले देखाइएकाछन्।

**दशांस र भेटि दिने चलनले तपाईंको आत्मिक जीवनमा कसरी बलियो बनाइरहेको छ भनेर तपाईंले अनुभव गरिरहनुभएको छ? स्पष्ट**

रूपमा भन्ने हो भने जब तपाईंले दशांस दिनुहुन्न तब तपाईं परमेश्वरलाई मात्र होइन आफूले आफूलाई नै ठग्ने चरित्रलाई कसरी उदाङ्ग पार्दछ?

## ४. सम्झनाको निम्ति कागतको मूठो (मलाकी ३:१४,१५)

इस्राएल राष्ट्रले जतिसुकै पाप र अपराध गरेतापनि परमेश्वरले त्यसलाई वास्ता गर्नुभएन वा द्वन्धहिनताको निति अपनाउनुभयो भनेर मानिसहरूले गरेको गुनासो मलाकी ३:१३-१९मा पाइन्छ। दुष्ट काम गर्नुहरू, अन्याय अत्याचार गर्नेहरू, शोषण गर्नेहरू दण्डित नभै त्यत्तिकै खुलाभएर हिँडेको देखिएका थिए। अपराधीहरू निश्फिक्रीसँग अरूलाई आतङ्कित बनाउँदै चलेको देख्दादेख्दै पनि परमेश्वरलाई सेवा गरेर बस्नुको औचित्य के छ र भनेर उदेक मान्दै मानिसहरू निराश भएका थिए। अपराधी र पापीचाहिँ दण्ड नपाई हिँड्ने हामीमात्र पवित्र जीवन वा परमेश्वर भक्तको जीवन किन बिताउने भन्ने मनस्थितिले ती मानिसहरूलाई पिरोलेको थियो।

मानिसहरूको यो गुनासो जायजै भएको किन देखिन्छ? हेर्नुहोस्: "१४ "तिमीहरूले भनेका छौ, परमेश्वरको सेवा गर्नु व्यर्थ छ। उहाँको आज्ञापालन गरेर, अनि सर्वशक्तिमान् परमप्रभुको अगि मरेकाहरूका लागि विलाप गरेझैं हिँड़र हामीलाई के लाभ भयो र? १५ तर अब त हामी हठीहरूलाई नै सुखी भन्छौं। निश्चय नै दुष्ट काम गर्नेहरू सफल भएका छन्, र परमेश्वरलाई हाँक दिनेहरू उम्कन्छन्।" मलाकी ३:१४,१५। तर मानिसहरूको गुनासोप्रति परमेश्वर असंवेदनशील हुनुभएको छैन भनेर मलाकी ३:१६-१८मा यसरी उल्लेख गरिएको छः "१६ तब परमप्रभुको डर मान्नेहरूले आपसमा कुरा गरे, र परमप्रभुले तिनीहरूका कुरा ध्यानसित सुन्नुभयो। परमप्रभुको डर मान्नेहरू र उहाँका नाउँको मान गर्नेहरूका सम्झनाको पत्र मुट्ठामा उहाँकै उपस्थितिमा लेखियो। १७ "जुन दिन म मेरो निजी धन बनाउनेछु, तिनीहरू मेरा हुनेछन्," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। "जसरी कुनै मानिसले आफ्नो सेवा गर्ने छोरालाई बाँकी राख्तछ, त्यसरी नै म तिनीहरूलाई बाँकी राख्नेछु। १८ अनि धर्मात्मा र दुष्ट, परमेश्वरको सेवा गर्ने र उहाँको सेवा नगर्नेको भेद तिमीहरूले फेरि देख्नेछौ।"

यस संसारमा हामीहरूकै आँखा सामु भ्रष्ट र खराब मानिसहरू द्वन्धहीन अवस्थामा गुज्रिरहेको देख्दा निराश हुने स्वभाविकै हो।

परमेश्वरले के गर्नुहुन्छ र भनेर मानिसहरू छक्क परेर बस्न सक्दछन्। भ्रष्टाचारीहरूले सजायँ नपाएकोमा मानिसहरूको हृदय परमेश्वरप्रति चिसो भएको देखिन्छ। तर मलाकीको सन्देश स्पष्ट छ। ती सबै कुराहरूको बारेमा परमेश्वरलाई पूर्णरूपमा जानकारी छ। उहाँका भक्तहरूलाई उहाँले इनाम दिनुहुनेछ।

"सम्झनाको पत्र मुट्ठामा" भन्ने वाक्य बाइबलमा केवल यहिँमात्र मात्र पाइन्छ। यद्यपि मानिसहरूले गरेका सबै कामहरूको लेखाजोखा राखिएको छ र ती मानिसहरूका नाउँहरू पनि लेखिएकाछन् भन्ने देहायका पदहरूलाई हामीले कसरी लिने? हेर्नुहोस्, प्रस्थान ३२:३२,"तापनि तपाईंले तिनीहरूको पाप क्षमा गर्नुहुन्छ होला— हुन्न भनेता, तपाईंले लेख्नुभएको पुस्तकबाट मेरो नाउँनिशानै मेटिदिनुहोस्।" (परमेश्वरलाई मोसाको अनुरोध), भजन १३९:१६, " १६ तपाईंका आँखाले मेरो नबनिएको शरीरलाई देखे।
मेरो निम्ति नियुक्त गरिएको आयु तपाईंको पुस्तकमा लेखिएको थियो। त्यसको एउटै कुरा पनि पूर्ण हुन अघि सब लेखिएका थिए।" यशैया ४:३, "सियोनमा छोड़िएका र यरूशलेममा बाँकी रहेकाहरू, अर्थात् यरूशलेममा बस्नेहरू भनी दर्ता भएकाहरू पवित्र कहलाइनेछन्।" यशैया ६५:६, " "हेर, मेरो सामुन्ने यस्तो लेखिएको छ, म चूप रहनेछैनँ, तर पूरै साटो लिनेछु। निश्चय नै म तिनीहरूकै काखमा साटो लिनेछु।" र प्रकाश २०:११-१५, "तब मैले एउटा ठूलो सेतो सिंहासन र त्यसमाथि विराजमान हुनुहुनेलाई देखें। उहाँको सामुन्नेबाट पृथ्वी र आकाश भागेर गए, र तिनीहरूका निम्ति कतै ठाउँ पाइएन। १२ मैले ठूला र साना सबै मृतकहरूलाई सिंहासनको सामुन्ने उभिरहेका देखें, र पुस्तकहरू खोलिए। अर्को एउटा पुस्तक पनि खोलियो, जो जीवनको पुस्तक हो। ती पुस्तकहरूमा लेखिएका कुरामुताबिक, तिनीहरूका कामअनुसार मृतकहरूको इन्साफ भयो। १३ समुद्रले त्यसमा भएका मृतकहरू दिइहाल्यो, अनि मृत्यु र पातालले पनि तिनीहरूमा भएका मृतकहरू दिइहाले। तिनीहरू प्रत्येकको आफ्नो-आफ्नो कामअनुसार इन्साफ भयो। १४ मृत्यु र पाताल अग्नि-कुण्डमा फालिए। यो अग्नि-कुण्ड दोस्रो मृत्यु हो। १५ जसको नाउँ जीवनको पुस्तकमा लेखिएको भेट्टाइएन त्यो अग्नि-कुण्डमा फालियो।"

परमेश्वरलाई सबै थोक थाहा छ भन्ने यकिन ज्ञान हामीले थाहा पाउनु अत्यन्त अनुवार्य छ। उहाँको पक्षमा को मानिस छ (२ कोरन्थी २:१९) र को छैन भन्ने कुरा उहाँलाई पूरा थाहा छ। तर हामी पापी भएको हैशियतले उहाँको पक्षमा रहिरहनु केवल देहायका आत्मिक ज्ञानहरू हाम्रो मगजमा घुसाइ राख्नुपर्दछः (१) उहाँको शुद्ध र शिद्ध चरित्रको दावी गर्दै त्यो हामीलाई ओढाई दिइरहेको छ भन्ने विश्वास गर्नु (२) उहाँको क्षमा र शक्ति हामीलाई उपलव्ध छन् भन्ने उहाँका बाचाहरू हामीले दावी गरिरहनु, र (३) स्वार्थ वा आफ्नो भाऊ खोज्ने प्रवृत्तिलाई त्यागेर उहाँ र अरूको निम्ति जीउने प्रतिवद्धता जाहेर गरिरहनु। हामीहरूको अन्तिम आशा भनेको नै उहाँको अनुग्रहमा भर परिरहनु परेकोले उपरोक्त आचरणलाई हाम्रो जीवनको भाग बनाउँछौं। तर यदि हामीहरूका विश्वास, आशा वा भर हामी अर्थात् अरू कुनै मानिस वा संघ संस्थामा केन्द्रित गर्छौं भने हामीले केवल निराशको खेती बाहेक अरू केही पाउँछ भन्ने ग्यारेन्टी छैन।

## ५. धर्मात्माको सूर्य (मली ४)

"न्याय गर्ने न्यायमूर्ती परमेश्वर कहाँ छ?" (मलाकी २:१७) भनेर मानिसहरूले सोधिरहेको प्रश्नप्रति परमेश्वर बहिरा हुनुभएको छैन भनेर मलाकी ४ अध्यायले देखाउँदछ। एक दिन परमेश्वरले सारा संसारको न्याय गर्नुहुनेछ भन्ने गम्भिर वाचा मलाकी ४ अध्यायको सुरूमा दिइएको छ। जसरी आगोको ज्वालामा भुस भष्म हुन्छ त्यसरी घमण्ड गर्ने मानिसहरू दुष्टहरूसँग नाश हुनेछ। भुस भनेको धानगहुँ दानाको नचाहिँदो भाग हो। जब त्यसलाई दनदन जलिरहेको आगोको भट्टीमा फँक्दछ त्यो क्षणमै भष्म हुन्छ। जसरी नोहाको दिनमा जलप्रलयद्वारा संसारको नाश भयो त्यसरी नै उहाँको दोस्रो आगमन वा परमेश्वरको दिनमा यस संसारलाई आगोले नाश पार्नेछ।

**यूहन्ना ३:१६,१७ र व्यवस्था ३०:१९,२०लाई मध्य नजर राख्दै मलाकी ४ अध्याय पढ्नुहोस्। उद्धार पाएर परमेश्वरको पथमा हिँडिरहने र परमेश्वरको अस्तित्वलाई नै अश्विकार गरि उहाँको मार्गमा नहिँड्ने मानिसहरूको गति के हुनेछ भनेर ती पदहरूले यसरी बताउँछन्: "१६ "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही**

पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्। १७ किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाँद्वारा बाँचोस् भनेर पठाउनुभयो।" -यूहन्ना ३:१६,१७, "१९ आज म स्वर्ग र पृथ्वीलाई तिमीहरूका विरुद्धमा साक्षी राख्तछु, कि मैले तिमीहरूका अगि जीवन र मृत्यु, आशिष् र श्राप राखेको छु। अब जीवन नै रोज, ताकि तिमीहरू र तिमीहरूका बालबच्चाहरू जिउन सक, २० र परमप्रभु तिमीहरूका परमेश्वरलाई प्रेम गर्दै, उहाँका आज्ञा मान्दै र उहाँसँगै लीन बन्दै बाँचिरहो। किनकि परमप्रभु नै तिमीहरूको जीवन हुनुहुन्छ, र तिमीहरूका पुर्खा अब्राहाम, इसहाक र याकूबसित उहाँले दिन्छु भनी शपथ खानुभएको देशमा उहाँले तिमीहरूलाई दीर्घायु बनाउनुहुनेछ।"-व्यवस्था ३०:१९,२०, "१ "हेर, त्यो दिन आउँदैछ। त्यो भट्टीझैं दन्कनेछ। सबै हठी र सबै दुष्ट काम गर्नेहरू ठुटाझैं हुनेछन्, र त्यो आउने दिनले उनीहरूलाई आगोमा भस्म गर्नेछ," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। "त्यसले उनीहरूको एउटै जरा र एउटै हाँगा पनि छोड्नेछैन। २ तर मेरो नाउँको आदर गर्ने तिमीहरूमाथि चाहिँ धार्मिकताको सूर्य आफ्ना पखेटामा आरोग्यता लिएर उदाउनेछ। अनि गोठलाई छोड़ेर निस्केका बाछाजस्तै तिमीहरूचाहिँ बाहिर निस्कनेछौ। ३ तब तिमीहरूले दुष्टहरूलाई खुट्टाले कुल्चनेछौ। जुन दिन म त्यो काम गर्छु, त्यस दिन उनीहरू तिमीहरूका पैतालामुनि खरानीजस्तै हुनेछन्," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। ४ "मेरो दास मोशाका व्यवस्थाको सम्झना गर, ती विधि र नियमहरू जो सारा इस्राएलको निम्ति होरेब पर्वतमा मैले त्यसलाई दिएँ। ५ "हेर, परमप्रभुको त्यो महा र डरलाग्दो दिन आउन अघि म एलिया अगमवक्तालाई पठाउनेछु। ६ त्यसले बाबुहरूका हृदय तिनीहरूका छोराहरूतिर र छोराहरूका हृदय तिनीहरूका बाबुहरूतिर फर्काइदिनेछ, नत्रता म आएर देशलाई एउटा श्राप दिनेछु।" -मलाकी ४।

दुष्ट, अधर्मी, अन्यायी वा अत्याचारीहरूको गति के हुन्छ भनेर मलाकी ४ को १ मा भनिएको छ भनेर परमेश्वरका धार्मिक भक्तहरूलाई के हुनेछ भनेर पद २ ले बताउँदछ। तिनीहरूलाई भविष्यमा उहाँको आशिषले भरीपूर्ण पारिदिनुहुनेछ। "न्यायमूर्ती परमेश्वर कहाँ छ?" भन्ने प्रश्नको जवाफ फेरि दिएको पाउँछौं। त्यो दिन आउनेछ जब स्वस्थ बनाउने आफ्ना पखेटाहरू फैलाउँदै धार्मिकताको

सूर्य यस संसारमा आउनुहुनेछ भनेर परमेश्वरले प्रतिज्ञा गर्नुहुन्छ। "धार्मिकताको सूर्य" को उदय भनेको नयाँ दिन आउने प्रतिक हो। मुक्तिको योजनाको इतिहासमा त्यो दिन नयाँ इतिहासको काल हुनेछ। त्यस वखत दुष्ट वा यस संसारका शासक सैतानचाहिँ सदाको निम्ति नाश हुनेछ। ख्रीष्टले पल्हाउनुभएको फलमा उद्धार पाएकाहरू त्यस दिनदेखि रमाउनेछन्। अनि सारा जगत सदाको निम्ति सुरक्षित बनाइनेछ।

दुईवटा चेतावनीका साथ मलाकीले आफ्नो पुस्तकलाई अन्त गर्दछन्। पहिलो त मोसाद्वारा परमेश्वरले दिनुभएको सन्देशलाई सम्झन आह्वान गर्दछन्। ती हुन् बाइबलका प्रथम् पाँचवटा पुस्तकहरू जुन् कि पुरानो करारका आधारशीला हुन्।

परमेश्वरको अगमवक्ता एलियाको कामलाई औँल्याउँदै दोस्रो चेतावनी मलाकीले दिन्दछन्। पवित्र आत्माले भरिपूर भएर इस्राएलका समस्त जनहरूलाई परमेश्वरतिर फर्क भनेर उनले आह्वान गरेका थिए। बप्तिस्मा दिने यूहन्नाले नै एलियाले दिएका भविष्यवाणी पूरा गरेका थिए भनेर येशूले पहिल्याउनुभएको थियो (मत्ती ११:१३,१४)। फेरि अन्तिम समयमा पूरा हुने भविष्यवाणीलाई पनि त्यसले औँल्याउँछ भनेर हामी विश्वास गर्दछौं। त्यो समयमा परमेश्वरका जनहरूले निडर भएर उहाँको सन्देश सारा संसारमा फैलाउनेछन्। "ख्रीष्टको दोस्रो आगमनको निम्ति तयार पार्ने जनहरू त्यस बेला हुनेछन्। तिनीहरू भक्त एलिया जस्तो परमेश्वरका भक्तहरू हुन्। एलियाको आत्माले भरिपूर भएर बप्तिस्मा दिने यूहन्नाले गरे जस्तै तिनीहरूले काम गरिरहेका हुन्छन्। बप्तिस्मा दिने यूहन्नाले येशूको प्रथम् आगमनको निम्ति कार्यरत भएका थिए भने ती येशू भक्तहरू उहाँको दोस्रो आगमनको निम्ति कार्यरत हुनेछन्।"-एलेन जी ह्वाइट, काउन्सिल अज हेल्थ, पृ. ७२,७३बाट रूपान्तरित।

**त्यस पवित्र कामलाई हामीले कसरी पूरा गरिरहेकाछौं? येशूको आगमनको सन्देश बोक्ने लक्ष्य बोकेका हामी येशूभक्तहरूले त्यस कामलाई कत्तिको राम्रो गरिरहेकाछौं, आत्मआलोचनासिहत हामीहरूको हृदय नियालौं।**

**उपसंहारः**

**थप जानकारीः** "मानिसका हातहरूले गरेका कामहरूलाई परमेश्वरले आशिष दिनुहुन्छ ताकि तिनीहरूले उहाँलाई दशांश फिर्ता दिउन्। घाम र पानी उहाँले दिनुहुन्छ। उहाँले गरेर नै अन्नहरू उम्रिन्छ। आर्थिक आर्जन गरून् भनेर उहाँले पुरूष र महिलाहरूलाई स्वास्थ र सामर्थ दिनुहुन्छ। उहाँकै हेरचाहले नै प्रत्येक आशिष आउँदछ। पुरूष र महिलाहरूले दशांश र भेटी चढाएर उहाँप्रति आभार देखावस् भनेर उहाँ चाहनुहुन्छ। उहाँको सेवाको निम्ति तिनीहरूको आम्दानीलाई समर्पण गर्नुपर्दछ। त्यसो गर्नाले उहाँको निम्ति खर्च खाली हुँदैन। यदि परमेश्वर तिनीहरूको ठाउँमा भएको भए उहाँले के गर्नुहुन्थौं होला भन्ने विषयमा तिनीहरू अध्ययन गर्नुपर्छ।....सबै कठिन विषयहरूलाई तिनीहरूले उहाँकहाँ प्रार्थनाद्वारा ल्याउनुपर्दछ। संसारका सबै भागहरूमा उहाँको कामलाई बढाउन तिनीहरूले निश्वार्थ चासो देखाउनुपर्दछ।"-एलेन जी ह्वाइट, प्रोफेटस् आण्ड किङ्गस्, पृ. ७०७, ७०८बाट रूपान्तरित।

**चिन्तनमननः**

**अ.** बाइबल र बैवाहिक सम्बन्धको बारेमा सोच्नुहोस्। परमेश्वर आफैले सृजनुभएको हुनाले विवाह आफै पवित्र छ। त्यसैकारणले वैवाहिक जीवनमा पारपाचुके हुन्छ भने त्यसको निम्ति केही कडा नितिहरू पनि तेर्स्याएकाछन्। पारपाचुके गर्न अत्यन्त सजिलो भएको भए त्यो विवाह कसरी पवित्र र महत्त्वपूर्ण हुनसक्छ र? यदि सानोतिनो कारणले सम्बन्ध बिच्छेद हुन्छ भने विवाहको संस्कार नै सस्तो, अर्थहिन र मूर्ख हुनसक्छ। वैवाहिक सम्बन्धलाई अन्त गर्न कडा निति भएकोले नै त्यो कसरी विशेष पवित्र गठबन्धन हुन जान्छ?

**आ.** मलाकी २:१७लाई फेरि नियाल्नुहोस्। त्यस पदमा के सोच उल्लेख गरिएको छ त्यसलाई हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूले के भन्ने?

**इ.** पापीहरूको पूरा नाश हुन्छ भनेर मलाकी ४ अध्यायले बताउँदछ। केही पनि बाँकि हुँदैन रे। अनन्तसम्म

नर्कको आगो जलिरहन्छ भन्ने लोकमा चलेको शिक्षादेखि त्यो किन फरक छ? गलत सिद्धान्त सिकाउँदा परमेश्वरको चरित्रको बारेमा गलतै धारणा हुन्छ र उहाँलाई विश्वास गर्न प्रतिकूल वातावरण बन्न सक्छ भन्ने ज्वलन्त उदाहरण नर्कको सिद्धान्तले देखाउँछ।

ई. रसियाको प्रख्यात लेखक डोस्टोभिस्कीले "द ग्रान्ड इन्क्विजिटर" भन्ने पुस्तक लेखेका थिए। त्यसमा चर्चको बारेमा लेखिएको थियो। उनले भन्छ चर्चले सबै थोक यस्तरी सम्हालीरहेको थियो कि त्यहाँ ख्रीष्टको आवश्यक नै नभएको देखिएको थियो। के आज पनि हामीले त्यही खतराको सामना गरिरहेकाछौं त? यदि छ भने कसरी? हामीले थाहै नपाएर चर्च यस्तरी चलिरहेको छ कि हामीलाई पनि चर्चमा येशूको खाँचो नभएको के हामीले आभास पाएका छौं? यदि छ भने कसरी?